## सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

**फैसला**

०८०-CR-११४८

मुद्दाः- कर्तव्य ज्यान।

माधव जरवटको छोरी सुनिल कुमार तिवारीको पत्नी जिल्ला बाँके जानकी गाउँपालिका वडा नं.३ करमोहना गाउँ घर भै हाल कारागार कार्यालय, दैलेखमा थुनामा रहेकी दानवती तिवारी ........................................................................१ **पुनरावेदक प्रतिवादी**

**विरुद्ध**

अनिल कुमार तिवारीको जाहेरीले नेपाल सरकार ..............................................१ **प्रत्यर्थी वादी**

| | |
|---|---|
| **सुरु तहमा फैसला गर्नेः** | माननीय न्यायाधीश श्री प्रल्हाद कुमार योगी<br>बाँके जिल्ला अदालत<br>फैसला मिति २०७८।९।३० |
| **पुनरावेदन तहमा फैसला गर्नेः** | माननीय न्यायाधीश श्री केशवराज जोशी<br>माननीय न्यायाधीश श्री पुरुषोत्तमप्रसाद ढकाल<br>उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास<br>फैसला मितिः २०८०।२।२९ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) को खण्ड (ख) बमोजिम यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

## तथ्य खण्ड

१. जिल्ला बाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१० स्थित पूर्व, पश्चिम, उत्तर, दक्षिणमा भेरी अस्पतालको कम्पाउण्ड यति चार किल्लाभित्र दक्षिण पश्चिमतर्फको ३ तले बिरामी राख्ने वार्ड भ्वनको तल्लो तलामा रहेको ट्वाईलेटमा दानवती तिवारी र सुनिल कुमार तिवारीले बिषादी सेवन गरेको भनी देखाईएको घटनास्थल, उक्त स्थानमा रहेको ट्वाईलेटको चुक्कुल वाङ्गिएको अवस्थामा रहेको, दक्षिणतर्फको भुईमा Fieldphose लेखेको बिषादीको डब्बा रहेको, सो डब्बा समेत प्रहरी टोलीले उठाई लिएको भन्ने घटनास्थल मुचुल्का।

२. दानवती तिवारी मेरो भाई बुहारी हुन भाई सुनिल कुमार तिवारी लागू औषध मुद्दामा पक्राउ परी अदालतबाट ७(सात) बर्ष सजाय भई कारागार कार्यालय, बाँकेमा थुनामा रहेको थिए। निजहरु बीच फोनमा के-कुन कुरा हुने गर्थ्यो थाहा भएन। यस्तैमा निज भाई सुनिल कुमार तिवारी मिति २०७६/०२/२८ गतेका दिन बिरामी भई कारागारबाट उपचारको लागि भेरी अञ्चल अस्पतालमा आएकोमा सोही अस्पतालमा निज बुहारी दानवती तिवारी गई निजले भाई सुनिल कुमार तिवारीलाई सल्फास नामक बिषादी दिई सोही बिषादी सेवन गरेका कारण निज भाईको उपचारको क्रममा नेपालगञ्ज शिक्षण अस्पतालमा मृत्यु भएको हुँदा कानून बमोजिम होस भन्ने व्यहोराको जाहेरी दरखास्त।

३. सुनिल कुमार तिवारी मेरो श्रीमान हुन्। निज लागू औषध मुद्दामा पक्राउ परी ७ बर्ष सजाय भई कारागार कार्यालय, बाँकेमा थुनामा थिए। श्रीमान कारागारमा गएपछि म घर छाडी बाहिर नै कोठा लिई बस्दै आएकी थिएँ। बाहिर बस्दा मलाई श्रीमान बिना बस्न गाह्रो भएको थियो। सोही कारण मिति २०७६/०२/२४ गतेका दिन म श्रीमानलाई भेट गर्न कारागार कार्यालय, बाँकेमा गएको अवस्थामा हामी बीच कुरा हुँदा श्रीमान श्रीमतीले बिषादी सेवन गरी आत्महत्या गर्ने र सो गर्नको लागि मैले बिषादी ल्याउने, श्रीमान उपचारको बाहनामा अस्पताल आउने र दुबैजनाले बिषादी सेवन गर्ने भन्ने कुरा भएको थियो। सोही अनुसार म मिति २०७६/०२/२८ गतेका दिन भारतको रुपैडिया गई भेटेनरीबाट रु.१००।- मा सल्फास नामक बिषादी किनी ल्याएकी थिएँ। सोही दिन श्रीमान उपचारको वाहनामा भेरी अस्पतालमा आएका थिए। म पनि अस्पताल गई श्रीमान सुनिल कुमार तिवारी सुरक्षा घेरामा रहेको हुँदा सोही ठाउँमा बिषादी सेवन गर्न सम्भव भएन, म अस्पतालकै ट्वाईलेटमा गई थोरै बिषादी सेवन गरी बिषादी ट्वाईलेटमा नै राखी

श्रीमानलाई पठाएको थिएँ। सो बिषादी सेवन पछि श्रीमान सुनिल कुमार तिवारीको उपचारको क्रममा मृत्यु भयो, म उपचार पश्चात पक्राउ परेको हुँ भन्ने व्यहोराको दानवती तिवारीले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

४. मृतक सुनिल कुमार तिवारीको शरीरमा कुनै चोटपटक नरहेको, cause of death मा Undetermind भन्ने व्यहोरा उल्लेख गर्दै viseral report awaited भन्ने मृतकको शव परीक्षण प्रतिवेदन।

५. दानवती तिवारी र सुनिल कुमार तिवारी श्रीमान श्रीमती हुन। निज सुनिल कुमार तिवारी लागू औषध मुद्दामा ७ बर्ष सजाय भई कारागार कार्यालय, बाँकेमा थुनामा थिए। निज मिति २०७६/ ०२/२८ गते उपचारको लागि भेरी अस्पतालमा आएकोमा सोही ठाउँमा प्रतिवादी दानवती तिवारी गई पूर्व योजना अनुसार निजले ट्वाईलेटमा मृतकलाई बिषादी दिई सोही बिषादी सेवनको कारण निज सुनिल कुमार तिवारीको मृत्यु भएको हो कानून बमोजिम होस भन्ने व्यहोराको राजेन्द्र कुमार दुबे, जगदम्बा गुप्ता र सम्पत कुमार तिवारीले मौकामा गरेको घटनाविवरण कागज।

६. म कारागार कार्यालय,बाँकेमा कार्यालय सहयोगी पदमा कार्यरत छु। सुनिल कुमार तिवारी लागू औषध मुद्दामा कारागार कार्यालय, बाँकेमा थुनामा थिए। निज पेट सम्बन्धी बिरामी भएकाले मिति २०७६/०२/२८ गतेका दिन निंजलाई म समेतले उपचारको लागि भेरी अस्पतालमा लिई गएका थियौं। सोही अस्पतालको १२ नं. कोठामा निजलाई ई.सि.जि. गराउन लैजाँदा निजको श्रीमती आई भेट गरेकी थिईन्। पछि निजले पेट दुख्यो ट्वाईलेट जान्छु भनी गएकोमा निज धेरै बेरसम्म ट्वाईलेटबाट नआएपछि ट्वाईलेटमा हेर्दा निज झुम्म परेका थिए। निजको श्रीमती समेत झुम्म अवस्थामा थिईन। नजिकै Fieldphos को डब्बा समेत थियो। पछि निजलाई तत्काल ईमरजेन्सी कक्षमा भर्ना गरी उपचार गराएकोमा निजको त्यहाँ उपचार हुन नसकी थप उपचारको क्रममा मेडिकल कलेजमा मृत्यु भएको हो भन्ने व्यहोराको शालिकराम ठाकुरले मौकामा गरेको घटनाविवरण कागज।

७. प्रतिवादी दानवती तिवारीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूरमा सोही ऐनको दफा १७७(२) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकका हकवालालाई क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने अभियोग मागदावी।

८. मिसिल संलग्न घटनास्थल तथा लाश जाँच मुचुल्का, घटनाविवरण कागज र जाहेरी दरखास्तको व्यहोरा सबै ठिक साँचो हो। मेरा पति लागू औषध मुद्दामा ७ बर्षको कैद सजाय ठहरे बमोजिम कारागारमा बसी कैद भुक्तान गर्दैआएकोमा निजसंग मेरो भेट तथा फोनमा कुराकानी हुँदा समेत जहिले पनि जिन्दगी देखि वाक्क भै सके

बाँच्न मन छैन, अब हामी आत्महत्या गरौं भन्दा मैले बारम्बार सम्झाउँदा समेत नमानी संगै नमर्ने भए म जसैगरी मरिदिन्छु भनेकोले म बाध्य भै निजको योजना अनुसार भारतको रुपैडिहा गई रु.१००।- मा हामीले सेवन गरेको सल्फास नामको बिष खरिद गरी पूर्व योजना अनुसार अस्पतालको शौचालयभित्र गै केही मात्रा मैले कोकमा मिसाई र केही मात्रा निज मृतक मेरो श्रीमानले सेवन गर्दा त्यसको केही समयपछि म उपचारको क्रममा बाँचे र मेरो श्रीमानको उपचारको क्रममा मृत्यु भएको हो। उक्त बिषादी मेरो श्रीमान र मैले संगसंगै सेवन गरेका थियौं। मैले मेरो श्रीमानलाई बिष सेवन गर्न उत्प्रेरित गरेको नभई निजले नै पटक/पटक जिद्दीपूर्ण अनुरोध गरेकोले बाध्य भएर बिष खरिद गरी ल्याई दुबै जनाले संगै सेवन गरेका हौं। मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी दानवती तिवारीले शुरु अदालतमा गरेको बयान।

९. प्रस्तुत मुद्दामा प्रतिवादीले मौकामा तथा अदालतसमक्ष गरेको बयान, निज माथीको किटानी जाहेरी, घटनास्थल तथा लाश जाँच मुचुल्का, राजेन्द्र कुमार दुबे समेतका मानिसहरुले गरेको घटनाविवरण कागज, जाहेरी दरखास्त समेतका तत्काल प्राप्त कागज प्रमाणहरुबाट निज प्रतिवादी अभियोग दावी बमोजिमका कसूरदार होईनन् भन्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम थुनामा राखी पूर्पक्ष गर्न ऐ.को दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय, बाँकेमा थुनामा राख्न पठाई दिनु भनी शुरु अदालतबाट मिति २०७६/०३/२६ गते भएको थुनछेक आदेश।

१०. प्रतिवादी चुक्ता भईसकेको देखिंदा प्रतिवादीका साक्षी निजै मार्फत र वादी पक्षका गवाह/ जाहेरवाला देख्ने सुन्ने र घटनास्थल मुचुल्काका मानिसहरुलाई बकपत्रको लागि जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउनु भनि जिल्ला प्रहरी कार्यालय,बाँकेमा लेखि पठाउनु भनी शुरु अदालतबाट भएको आदेश।

११. मृतक सुनिल कुमार तिवारीको भिसेरा चेक जाँचको लागि पठाईएकोमा सोमा Phosphine gas पाईएको भन्ने केन्द्रिय विधि विज्ञान प्रयोगशालाको च.नं. ४९०४ मिति २०७६/११/१६ गतेको परीक्षण प्रतिवेदन।

१२. मिति २०७६/०३/२१ गतेको घटनाविवरण कागजको व्यहोरा ठिक साँचो हो। त्यसमा लगाईएको ल्याप्चे सहिछाप मेरो हो। घटनाको बारेमा प्रहरीले खबर गरेपछि थाहा पाएको हुँ। आफूले पनि बिष सेवन गरी निज सुनिल कुमार तिवारीलाई समेत बिष खुवाई दिएको हुँ भनी प्रतिवादीलाई अस्पतालमा भेट्दा निजले भनेकी थिईन्

भन्ने समेत व्यहोराको घटना विवरणमा कागज गर्ने मृतकको ठूलो बुवा सम्पत कुमार तिवारीले शुरु अदालतमा गरेको बकपत्र।

१३.मिति २०७६/०३/२१ गतेको घटनाविवरण कागजमा भएको व्यहोरा र सोमा भएको सहिछाप मेरै हो। उक्त घटनाको बारेमा सुनिल कुमार तिवारीको परिवारलाई प्रहरीले खबर गरेपछि निजहरुले मलाई फोन गरी भनेकोले थाहा पाई नेपालगञ्ज मेडिकल कलेजमा जाँदा निज सुनिल कुमार तिवारीको मृत्यु भैसकेको थियो। मलाई मृतकका परिवारले भने अनुसार प्रतिवादीले आफूले पनि बिष खाई सुनिल कुमार तिवारीलाई पनि बिष खुवाई दिएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटनाविवरणमा कागज गर्ने राजेन्द्र कुमार दुबेले शुरु अदालतमा गरेको बकपत्र।

१४.मिति २०७६/०२/३० गतेको जाहेरी दरखास्तको व्यहोरा र सोमा भएको सहिछाप मेरो हो। हामीलाई प्रहरीले खबर गरेपछि भेरी अस्पताल जाँदा निज प्रतिवादीले मैले पनि बिष खाएको छु र मेरा पतिलाई पनि खुवाई दिएको छु भनेकी थिईन् भन्ने समेत व्यहोराको जाहेरवाला अनिल कुमार तिवारीले शुरु अदालतमा गरेको बकपत्र।

१५.मिति २०७६/०३/२२ गतेको घटनाविवरण कागजको व्यहोरा र सोमा भएको सहिछाप मेरै हो। अस्पतालमा सुनिल कुमार तिवारीको श्रीमती आएपछि निज पेट दुख्यो भनी ट्वाईलेट गएको र धेरै समयसम्म नआएपछि ट्वाईलेटभित्र घोप्टो परी बेहोस अवस्थामा प्रहरीले उठाई ल्याएको थियो। पछि प्रहरी ट्वाईलेटमा फेरी जाँदा बिषको डब्बा भेटिएको हो भन्ने समेत व्यहोराको घटनाविवरण कागजका साक्षी सालिकराम ठाकुरले शुरु अदालतमा गरेको बकपत्र।

१६.प्रतिवादीलाई साक्षी हाजिर गराउन भनी थुनछेक आदेशमा समेत गरी चार पटकसम्म आदेश भएकोमा निजले साक्षी हाजिर नगराई बसेको।

१७.प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १७८(१) को कसूरमा सोही दफाको उपदफा (२) बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४५(१क) बमोजिम निजलाई १०(दश) कैद सजाय हुने ठहर्छ।प्रस्तुत मुद्दा मुलकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४५(१) बमोजिम नियमानुसार साधकको लागि उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास समक्ष पेश गर्नू भन्ने समेत व्यहोराको शुरु बाँके जिल्ला अदालतबाट मिति २०७८/०९/३० मा भएको फैसला।

१८.म पुनरावेदकको पति मृतकको योजनामा सहमत भई मैले समेत आत्महत्या गर्ने प्रयास गरी बिष सेवन गरेकी हुँ, साथै म पुनरावेदकले मृतकलाई बिष खुवाएकी छैन, मैले भेरी अस्पतालको ट्वाईलेटमा राखेको बिष मृतक स्वयंमले सेवन गरेको अवस्थामा निजको उपचारको क्रममा मृत्यु भएको अवस्थामा म पुनरावेदकलाई पूर्ण

रुपमा अभियोग माग दाबीबाट सफाई दिने गरी फैसला गर्नुपर्नेमा सो केही नगरी अभियोग मागदाबी बमोजिमको कसूर कायम गरी म पुनरावेदकलाई १० बर्ष कैदको लागि राय पेश गर्ने गरी गरेको सुरु बाँके जिल्ला अदालतको फैसला न्यायको रोहमा नमिलेको हुँदा बाँके जिल्ला अदालतको फैसला बदर भागी हुँदा बदर गरी अभियोग माग दाबीबाट सफाई हुने गरी न्यायिक निरोपाण गरिपाउँ। प्रस्तुत मुद्दामा म पुनरावेदक दानवती तिवारीबाट अपराधसंग सम्बन्धित चिजबस्तु बरामद भएको छैन। मुद्दामा कसुर ठहर हुन आरोप लाग्नु मात्र पर्याप्त हुँदैन, लागेको आरोप समर्थित पुष्टि हुने प्रमाण हुनुपर्दछ। म पुनरारवेदकले के कार्य गरी आरोपित कसूर गरेको हो ? सो को प्रमाणको सर्वथा अभावमा पनि आरोप लागेकै कारणबाट मलाई अभियोग मागदाबी बमोजिम कैद गर्ने गरि फैसला भएको छ। म प्रतिवादी पुनरावेदक उपरमा कर्तव्य ज्यानमा मुद्दामा अभियोग लगाएको अवस्थामा मृतक पतिलाई कर्तव्य गरी मार्नुपर्ने अवस्था र कारणसमेत केही नभएको नरहेको स्थितिमा अभियोग लागेकै कारणबाट कसूरदार होला भनि मनोगत आधारमा म पुनरावेदकलाई अभियोग मागदाबी बमोजिम सजाय गर्ने गरेको शुरु अदालतको फैसला बदर गरी म पुनरावेदक प्रतिवादीलाई अभियोग मागदाबीबाट पूर्ण रुपमा सफाई हुने गरी फैसला न्याय निरोपण गरिपाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादी दानविर तिवारीको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा मिति २०७९/०६/०७ मा पर्न आएको पुनरावेदन-पत्र।

१९. प्रतिवादी दानवती तिवारीको शुरु बाँके अदालतको फैसला उपर पुनरावेदन परेकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम साधक समेत पेश भएकोले पुनरावेदनबाट इन्साफ हुने हुँदा साधकको लगत कट्टा गरिदिने ठहर्छ। साथै, पुनरावेदक प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(१) को कसूरमा ऐ.को. दफा १७८(२) बमोजिम सजाय गर्ने गरेको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १४५(१ क) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याई पेश गरेको छुट्टै राय सहितको बाँके जिल्ला अदालतको मिति २०७८/०९/३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने व्यहोराको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट मिति २०८०।२।२९ को फैसला।

२०. म पुनरावेदकको उल्लेखित पुनरावेदन जिकिर को आधारमा सम्मानित श्री बाँके जिल्ला अदालत नेपालगंजको त्रुटीपूर्ण फैसलालाई सदर गर्ने गरी भएको श्री उच्च अदालत तुलसीपुर नेपालगंज इजलासको मिति २०८०/०२/२९ गतेको फैसला समेत प्रत्यक्षतः मुलुकी उपराध सहिता, २०७४ को दफा १७७(१)(२), दफा

१७८(१)(२) प्रमाण ऐन, २०३१ को दफा ३/७ (ग)/१०/१८/२५/२७/२८ र ५४ को प्रतिबन्धात्मक वाक्यांश, को गम्भिर कानूनी त्रुटीपूर्ण हुनुको साथै सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको प्रतिकुल भई उक्त फैसला बदर भागी छ बदर गरी पाऊ र अदालतमा भएको मेरो शुरु बयान जिकिर बमोजिम सफाई दिई त्रुटिपूर्ण फैसलाले लागेको कैद लगत कट्टा हुने ठहराई पूर्ण रुपले हक इन्साफ न्याय निरोपण गरी पाऊ भन्ने व्यहोराको दानवती तिवारीको तर्फबाट यस अदालतमा दायर भएको पुनरावेदन पत्र।

## यस अदालतको ठहर

२१.नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक दानवती तिवारीका तर्फबाट उपस्थित वैतनिक कांनून व्यवसायी विद्वान अधिवक्ता श्री अन्जु रेग्मी अर्याललेले, *यी प्रतिवादी दानवती तिवारी र मृतक अनिल कुमार तिवारी नातामा श्रीमान् श्रीमती रहेको, जर्जर आर्थिक अवस्थाको कारण दुवै जनाले मर्ने निर्णय गरी विष सेवन गरेकोमा अनिलकुमार तिवारीको मृत्यु भएको र दानवती तिवारीलाई उपचारको लागि लगेको कारण बाँच्न सफल भएको हो । संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) मा बाँच्नेलाई कारबाही गर्न नमिल्ने हुँदा प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिलाइपाउँ* भनी बहस गर्नुभयो ।

२२.प्रतिवादी दानवती तिवारीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७८(१) को कसूर ठहर गरी प्रस्तुत घटना वारदातको प्रकृति समेतको विश्लेषण तथा मुल्यांकनबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय कार्यान्वयन गर्नु न्यायको रोहमा चर्को पर्ने देखि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४५(१)(क) बमोजिम १० वर्षको सजाय हुने राय व्यक्त गरी भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुसलीपुर नेपालगंज इजलासबाट मिति २०८०।०२।२९ मा फैसला भएकोमा सो फैसलाउपर चित्त नबुझाई प्रतिवादी दानवती तिवारीले यस अदालतमा पुनरावेदन गरेको अवस्था छ ।

२३.उपरोक्त बमोजिमको तथ्य रहेको प्रस्तुत मुद्दाको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, यसमा उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासको २०८०।०२।२९ को फैसला मिले नमिलेको के हो , प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्छ सक्दैन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२४.प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, *यसमा दानवती तिवारी मेरो भाई सुनील कुमार तिवारीको श्रीमती बुहारी नाताकी हुन। भाईलाई लागु औषध मुद्दामा ७ बर्षको जेल सजाय भई कारागार कार्यालयमा थुनामा रहेकोमा बुहारीले भाईको*

*उपचारको लागि मिति २०७६/०२/२८ गते भेरी अस्पतालमा आएकोमा सोही बखत भाईलाई झुक्याई सेल्फास नामक बिषादी खुवाएको र सोही कारण भाईको मृत्यु भएकोले दानवती तिवारीलाई कारवाही गरिपाउँ* भन्ने जाहेरवालाको प्रतिवादी उपर आरोपित कसूरमा मौकामा किटानी जाहेरी परेको र अदालतमा जाहेरी व्यहोरा पुष्टी गर्दै बकपत्र भएको देखिन्छ। मृतकको मौकामा भएको शव परिक्षण प्रतिवेदनमा cause of death मा undetermind भन्ने उल्लेख भै Visceral Report awaitend भन्ने उल्लेख भै visceral परिक्षण हुँदा phosphine gas पाईएको भन्ने उल्लेख भएबाट सुनील कुमार तिवारीको बिष सेवनको कारण मृत्यु भएको तथ्य निर्विविवाद देखिन्छ ।

२५. प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, *मृतक सुनील कुमार तिवारी मेरो श्रीमान हो निज लागु औषध मुद्दामा ७ बर्ष कैद सजाय भै कारागार कार्यालय, बाँकेमा थुनामा गएपछि म घर छोडी बाहिर कोठामा बसेको थिए। बाहिर बस्दा गाह्रो भएकोले मिति २०७६/०२/२४ गते म श्रीमानलाई भेट गर्न कारागार कार्यालयमा गएकोमा हामी दुबैले बिष सेवन गरी आत्महत्या गर्ने सल्लाह भएको र सो को लागि मैले बिष किनेर ल्याउने, श्रीमान उपचारको बहानामा अस्पतालमा आउने सल्लाह भए अनुसार मैले भारतको रुपैडियामा गई सल्फास नामक बिषादी किनी ल्याएको हुँ। सल्लाह बमोजिम पति उपचारको बहानामा अस्पताल आएपछि सुरक्षाकर्मीको अगाडी बिष सेवन गर्न सम्भव नभएकोले म शौचालयमा गई केही बिष सेवन गरी श्रीमानको लागि त्यही राखी बाहिर आएपछि श्रीमान शौचालयमा गई बिष सेवन गरेकोमा म उपचारबाट बाँचेको र श्रीमानको सोही बिष सेवन गरेको कारण उपचारको क्रममा मृत्यु भएको हो* भन्ने उल्लेख गरेको र अदालतमा समेत मुल रुपमा सोही व्यहोरा उल्लेख गरेको देखिन्छ। मौकामा घटना विवरण कागज गर्ने राजेन्द्र कुमार दुबे, जगदम्बा गुप्ता, सम्पत कुमार तिवारी र शालिकराम ठाकुरले घटना विवरणलाई पुष्टी गर्दै आ-आफ्नो व्यहोरा लेखाई दिएकोमा सम्पत कुमार तिवारी, राजेन्द्र कुमार दुबे र शालिकराम ठाकुरले मौकाको व्यहोरा पुष्टी गर्दै अदालतमा बकपत्र गरिदिएको समेत पाईन्छ। प्रतिवादीले आफ्नो साक्षी उपस्थित गराई बकपत्र गराउन सकेको सम्म पनि देखिदैंन।

२६. प्रतिवादी दानवती तिवारीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूरमा सोही ऐनको दफा १७७(२) बमोजिम सजाय गरी दफा १८६ बमोजिम मृतकका हकवालालाई क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने अभियोग मागदावी रहेको देखिन्छ। प्रतिवादी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) मा, *"कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा*

*गराउन हुँदैन*" भन्ने कानूनी व्यवस्था देखिन्छ। शुरु जिल्ला अदालतले प्रतिवादीको कार्यलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १७८ को कसूर ठहर गरेको देखिन्छ। सो दफामा, *कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जान सक्छ भन्ने जानी/जानी वा विश्वास गर्नुपर्ने कारण हुँदा-हुँदै त्यस्तो काम गर्नु हुँदैन* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

२७.प्रस्तुत मुद्दामा प्रतिवादी र मृतक सुनील कुमार तिवारी श्रीमान श्रीमती नाताको भएकोमा विवाद देखिदैंन। सुनील कुमार तिवारी लागुऔषध मुद्दामा अदालतको फैसला बमोजिम ७ बर्षको जेल सजाय भोगी रहेको अवस्थामा प्रतिवादी आफ्नो पतिलाई जेलमा भेट्न जाँदा दुबैले अब आफ्नो भावी जीवन सुखमय नभएको ठानी दुबैले आत्महत्या गर्ने सल्लाह गरेका र सो को लागि प्रतिवादीले बिष खरिद गरी ल्याउने, सो बिषको सेवन कारागारमा सम्भव नभएकोले सुनील कुमार तिवारी बिष सेवन प्रयोजनको लागि बिरामीको बहाना गरी भेरी अस्पताल आई दुबैको सल्लाह बमोजिम प्रतिवादी पहिला शौचालयमा गई बाहिर निस्केपछि सुनील कुमार तिवारी सोही शौचालयमा गई सो बिष सेवन गरिसकेपछि दुबैको उपचार हुँदा प्रतिवादी बाँचेको र सुनील कुमार तिवारीको सोही बिष सेवनको कारण उपचारको क्रममा मृत्यु भएको तथ्यलाई मृतकको शव परिक्षण प्रतिवेदन, भिसेरा परिक्षण प्रतिवेदन, जाहेरवालाको मौकाको जाहेरी एवं बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान, बुझिएका घटनाविवरण कागज गर्ने सम्पत कुमार तिवारी, राजेन्द्र कुमार दुबे र शालिकराम ठाकुरले मौकाको व्यहोरा पुष्टी गर्दै गरिदिएको बकपत्र समेतका तथ्यगत प्रमाणहरुबाट पुष्टी भएको देखिन्छ।

२८.अब उक्त वारदात वादी पक्षले दाबी (Plea) गरे जस्तो प्रतिवादीले कम विष सेवन गरी मृतकलाई धेरै विष सेवन गराई बदनियतपूर्वक मारेको हो वा यो घटना प्रतिवादीले पुनरावेदन जिकिर लिए जस्तो संयुक्त रूपमा गठजोड गरी गरिने आत्महत्या (Suicide Pact) हो भन्ने सम्बन्धमा विश्लेषण हुनुपर्ने देखियो ।

२९.गठजोड गरी गरिने आत्महत्या (Suicide Pact) सम्बन्धमा वादी नेपाल सरकार तर्फबाट महत्त्व दिंदै सोही आधारमा यी प्रतिवादीलाई कसुरदार ठहर गर्नुपर्ने माग भएको देखिन्छ। अब गठजोड गरी गरिने आत्महत्या (Suicide Pact) को सामान्य अर्थ के हो भन्ने सन्दर्भमा 'दृष्टिगत गर्दा, गठजोड गरी मिलेर गरिने आत्महत्या Suicide Pact लाई Merriam-Webster Dictionary मा "an agreement between two or more people to kill themselves at the same time" भनी उल्लेख गरेको पाइन्छ । अर्थात् दुई वा **दुईभन्दा बढी** व्यक्तिहरूले एकै समयमा आफैले आफैंलाई मार्ने गरी भएको

सहमतिलाई बुझाउँदछ भनिएको छ।[1] त्यस्तै Collins Dictionary अनुसार, "A suicide pact is an arrangement that two or more people make to kill themselves at the same time and usually in the same place." अर्थात् गठजोड आत्महत्या भनेको दुई वा सोभन्दा बढी व्यक्तिहरूले एकै समयमा र सामान्यतया एउटै ठाउँमा गरिने आत्महत्या हो।

३०.यस सन्दर्भमा नेपालको विधमान कानुनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ मा, *आत्महत्या गर्न दुरूत्साहन दिन नहुने* व्यवस्था गरिएको देखिन्छ । त्यस्तै दफा १८५ (१) मा, *कसैले कसैलाई आत्महत्या गर्न, दुरूत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन* भन्ने उल्लेख गरेको देखिन्छ ।

३१.अभियोग पत्रमा यी प्रतिवादीले मृतकलाई जबरजस्ती विष खुवाएको नदेखिए पनि अप्रत्यक्ष रूपमा विष सेवन गराएको भन्ने स्पष्ट देखिन आएकोले Suicide Pact बारे थप केही विवेचना हुन वाञ्छनीय देखिन्छ।

३२. संयुक्त रूपमा मिलेर गरिने आत्महत्या Suicide Pact को आधारभूत स्वरूप के कस्तो हुन्छ र यसलाई के कसरी विश्लेषण गर्न सकिन्छ ? भन्ने सम्बन्धमा विविध कोणबाट प्राज्ञिक विधिशास्त्रीय अनुसन्धान भएको देखिन्छ।

३३.गठजोड गरी गरिने आत्महत्या Suicide Pact मा देखिएका स्वरूपहरु मुलतः निम्नानुसार रहेको पाइन्छ।[2]

- दुवै पक्षबिच आत्मीय वा भावनात्मक सम्बन्ध हुने र समाजप्रति नकारात्मक धारणा विकास भएको हुने ।
- आत्महत्या गर्न चाहनेले अहिंसात्मक (Non-violent) माध्यम अपनाउने ।
- गठजोड रूपमा मिलेर गरिने आत्महत्या (Suicide Pact) सामान्यतया प्राणघातक (Lethal) हुने, जसमा पक्षहरूको बच्ने सम्भावना न्यून रहने ।

३४.अब गठजोड रूपमा मिलेर गरिने आत्महत्या Suicide Pact गरेर सो बमोजिमको कार्यसमेत गरी मृत्युको मुखमा पुगिसकेको अवस्थामा अन्य तेस्रो पक्षको हस्तक्षेप वा अन्य कारणले बाँचेको व्यक्तिको हकमा वैध प्रतिरक्षाको अधिकार (Valid Defense) रहने नरहने भन्ने सम्बन्धमा हेर्दा, बेलायतमा सन् २००५ मा Homicide Act, १९५७ संशोधन हुनुभन्दा अगाडिसम्म संयुक्त रूपमा मिलेर गरिने आत्महत्या बाट बाँचेकाहरू (Survivors) लाई हत्यामा दोषी नठहऱ्याए पनि आत्महत्यामा सहयोग गरेको वा दुरूत्साहन दिएकोमा सजाय गरेको पाइन्छ। तर २००५ मा Homicide Act मा संशोधन

---

[1] https://www.merriam-webster.com/dictionary/suicide%20pact, on 26th August 2025.

[2] Milin R and Turgay A. *Adolescent couple suicide: literature review.* Can J Psychiatry Rev Can Psychiatr 1990; 35: 183–186.

भई Survivors लाई Valid Defense प्राप्त हुने व्यवस्था गरिएको देखिन्छ। उक्त ऐनको दफा ४. मा गरिएको व्यवस्था यसप्रकार रहेको पाइन्छः

- It shall be manslaughter, and shall not be murder, for a person acting in pursuance of a suicide pact between him and another to kill the other or be a party to the other being killed by a third person.
- Where it is shown that a person charged with the murder of another killed the other or was a party to his being killed, it shall be for the defense to prove that the person charged was acting in pursuance of a suicide pact between him and the other.
- For the purposes of this section suicide pact means a common agreement between two or more persons having for its object the death of all of them, whether or not each is to take his own life, but nothing done by a person who enters into a suicide pact shall be treated as done by him in pursuance of the pact unless it is done while he has the settled intention of dying in pursuance of the pact.

३५. बेलायतको उपरोक्त उदाहरण हेर्दा, यदि कसैले संयुक्त रूपमा मिलेर गरिने आत्महत्या Suicide Pact गरेर आफू पछि हट्दछ र अर्को व्यक्तिले आत्महत्या गर्दछ भने त्यसलाई आत्महत्याको दुरूत्साहनमा दोषी करार गरी सजाय गरेको पाइन्छ। Natasha Gordon को मुद्दामा आफ्नो केटा साथी Matthew Birkinshaw सँग Internet बाट संयुक्त रूपमा मिलेर आत्महत्या गरेपछि आफूले आत्महत्या नगरेको कसुरमा Natasha Gordon लाई ४ वर्ष कैद सजाय भएको पाइन्छ। यस मुद्दामा Justice Mrs. Cheema-Grubb ले, Suicide Pact / Survivor बारे विश्लेषण गर्दै प्रतिवादी Natasha Gordon लाई सजाय गर्नुपर्ने कारण यसप्रकार उल्लेख गरेको देखिन्छः "This was a serious case because Matthew Burkinshaw actullay took his life after your encouragement and I have found that you misled him into believing that you were genuinely and firmly intent on committing suicide with him on 17th December although you were in fact not flluy committed. This distinguishes your case from a true suicide pact." [३]

३६. आत्महत्याका सम्बन्धमा भारतमा रहेको कानूनी व्यवस्थालाई हेर्दा, Indian Penal Code (IPC) मा संयुक्त रूपमा मिलेर गरिने आत्महत्या को बारेमा केही पनि उल्लेख नभए तापनि Indian Penal Code (IPC) को Section ३०९ मा whoever attempts to commit suicide and does any act towards the commission of such offence, shall be punished with simple imprisonment for a term which may extend to one year or with fine, or with both " भन्ने व्यवस्था भएबाट आत्महत्याको प्रयासलाई नै दण्डनीय बनाएको देखिन्छ ।

३७. अब सामान्य तरिकाबाट संयुक्त रूपमा मिलेर गरिने आत्महत्या जस्तै देखिने र सतही रुपमा हेर्दा, उस्तै प्रकृतिको देखिंने आत्महत्याको दुरूत्साहन (Abetment to

---

[३] http://www.nhs.uk/livewell/mentalhealth,Accessed on 26th August 2025.

suicide) को सम्बन्धमा हेर्दा, अर्को व्यक्तिलाई आत्महत्या गर्न उक्साउनु वा कुनै षड्यन्त्र गरी आत्महत्या गर्न लगाउनु वा जानी जानी कसैलाई आत्महत्या गर्न सहयोग गर्नु आत्महत्याको दुरूत्साहन हो भन्न सकिन्छ।

३८. नेपालको परिप्रेक्ष्यमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ (१) ले, *कसैले कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन।* त्यस्तै दफा १८५ (२) ले, '*१८५ (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने* ' व्यवस्था गरिएको छ ।

३९. भारतमा Indian Penal Code (IPC) को Section १०८ ले Whoever attempts to commit suicide and does any act towards the commission of such offence, shall be punished with simple imprisonment for a term which may extend to one year or with fine, or with both. भनी व्यवस्था गरेको देखिन्छ । Indian Penal Code (IPC) को Section १०८ ले दुरूत्साहन कर्ता (Abettor) को परिभाषा गर्दा, "a person abets an offence, who abets either the commission of an offence, or the commission of an act which would be an offence, if committed by a person capable by law of committing an offence with the same intention or knowledge as that of the abettor " भन्ने उल्लेख गरेको छ । यस्तै IPC को Section ३०६ आत्महत्याको दुरूत्साहनका सम्बन्धमा, if any person commits suicide, whoever abets the commission of such suicide shall be punished with imprisonment of either imprisonment for a term which may extend to ten years, and shall also be liable to fine.

४०. उल्लिखित कानूनी व्यवस्थाहरू हेर्दा कोही कसैलाई मार्ने योजना बनाएर आत्महत्या गर्न उक्साउनु र आत्महत्या गर्न लगाउनुलाई आत्महत्याको दुरूत्साहन भन्न सकिन्छ। जसमा दुरूत्साहनकर्ताले पीडितलाई मानसिक रूपले प्रभावमा परि उसको कमजोरीको फाइदा उठाएर आत्महत्या गर्न लगाउँदछ वा दुरूत्साहनकर्ताले यस्ता कार्यहरू बदला लिनको लागि, सम्पत्ति खाने लोभले वा सामाजिक अवहेलनाबाट जोगिन प्रेम सम्बन्ध, विवाहपछिको अवैध सम्बन्ध लुकाउन आदि विभिन्न कारणबाट गर्न सक्छ भने पीडितले सामाजिक अवहेलनाको डर वा पारिवारिक हिंसाका समेत कारण वा यदाकदा आवेशमा आत्महत्या गर्ने गर्दछन् । विशेष गरी एकल महिला, बालबालिका, किशोर किशोरी, नव विवाहित बुहारी, हिंसा पीडित महिला, जेष्ठ नागरिक, मानसिक तथा शारीरिक अपाङ्गता भएका मानिसहरूलाई विभिन्न आर्थिक तथा सामाजिक परिस्थितिबाट पीडित भई आत्महत्याको बाटो रोजेको पाइन्छ ।

४१. भारतको सर्वोच्च अदालतले आत्महत्याको दुरूत्साहनसम्बन्धी कसुरलाई Chheena vs. Vijay Kumar Mahajan and Another को 12 August, 2010 मा गरेको व्याख्या अनुसार, Abetment involves a mental process of instigating a person or

intentionally aiding a person in doing of a thing. Without a positive act on the part of the accused to instigate or aid in committing suicide, conviction cannot be sustained. The intention of the legislature and the ratio of the cases decided by this Court is clear that in order to convict a person under Section 306 IPC there has to be a clear mens rea to commit the offence. It also requires an active act or direct act which led the deceased to commit suicide seeing no option and that act must have been intended to push the deceased into such a position that he committed suicide."[४]

४२.त्यस्तै Randhir Ingh vs. Qmate of Punjab को मुद्दामा दुरूत्साहनको व्याख्या यस प्रकार गरेको छः *Abetment involves a mental process of instigating a person or intentionllay aiding that person in doing of a thing. More active role which can be described as instigating or aiding the doing of a thing is required before a person can be said to be abetting the commission of offence under Section 306 of IPC.*

४३.त्यस्तै नेपालको सर्वोच्च अदालतले खगेन्द्र नेपाली वि. नेपाल सरकार (ने.का.प २०७९ अंक ११, निर्णय नं १०९७७) भएको मुद्दामा समेत Suicide Pact बारे ब्याख्या गर्दै, संयुक्त रूपमा मिलेर गरिने आत्महत्याको कसुर मुलुकी अपराध संहितामा परिभाषित भई सजाय निर्धारण गरेको नदेखिएको हुँदा फौजदारी कानूनमा यस्तो कसुरको परिभाषा र सजायको रिक्तता पूरा गर्ने कार्य कार्यपालिका र व्यवस्थापिकाको देखिँदा सो सम्बन्धमा कानून मन्त्रालयलाई ध्यानाकर्षण गराउनेगरी फैसला समेत भएको पाइन्छ ।

४४.त्यस्तै जीतेन्द्र त्रिपाठी वि. नेपाल सरकार (ने.का.प २०६८ अंक ११, निर्णय नं ८७२३) भएको मुद्दामा (Suicide Pact) बारे शरीरमा रहेको घाउहरूको प्रकृतिले मात्र मार्ने मनसाय रहेको प्रमाणित हुँदैन। सामूहिक आत्महत्याको प्रयास भएको भन्ने प्रमाणित हुने अवस्थालाई ज्यान सम्बन्धी महलको १५ नं. को कसूर भनी सजाय गर्न न्यायोचित नहुने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

४५.उपरोक्त राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी व्यवस्था तथा सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तहरूको अध्ययन गरी हेर्दा, ***गठजोड आत्महत्या*** (Suicide Pact) ***भनेको दुई वा सोभन्दा बढी व्यक्तिहरूले पूर्वसल्लाह अनुसार, सँगै जीवन अन्त्य गर्ने भद्र सम्झौताको आधारमा गरिने आत्महत्या हो, सामान्यतया यस प्रकृतिको आत्महत्या एउटै समय र स्थानमा हुन आवश्यक मानिन्छ। प्राय यस किसिमको आत्महत्या विवाहित दम्पति, प्रेममा असफल जोडीहरु, मनोरोगीहरु, मानसिक रुपमा विक्षिप्त भएका परिवारका सदस्यहरू, साथीहरू वा जीवनमा समान समस्याहरू साझा गर्ने व्यक्तिहरूको***

[४] S.S.Chheena vs Vijay Kumar Mahajan & Anr on 12 August, 2010

समूहद्वारा हुनसक्छ। प्रेमील जोडी र विवाहित दम्पतिहरुले सामान्यतया गठजोड आत्महत्या गर्नुको कारण परिवारका सदस्यहरू वा समाजले उनीहरूको विवाहलाई अस्वीकार गर्नु हो । यस प्रकारका धेरैजसो घटनाहरू गरिबी वा अन्य आर्थिक चिन्ता लगायत जीवनशैलीसँग असन्तुष्टि जस्ता जीवनमा नियमित रूपमा सामना गर्ने समस्याहरूको कारणले हुन्छन्। आत्महत्याको दुरूत्साहनमा एक व्यक्तिले अर्को व्यक्तिलाई षडयन्त्र गरी वा विभिन्न बहाना बनाई उक्साई मर्न बाध्य बनाएको वा आत्महत्या गर्ने परिस्थिति सिर्जना गरेको हुन्छ र यदि उसले पीडितसँग आत्महत्या गर्ने सहमति गरेकै भए पनि त्यो पीडितलाई झुक्याउने उद्देश्यले गरिएको देखावटी वा नाटकीय कार्य मात्र हुन्छ भने संयुक्त रूपमा मिलेर गरिने आत्महत्यामा दुवै पक्षले मर्नेसम्मको सबै काम गरेका हुन्छन् र यदि कोही कसैको जीवन बच्दछ भने पनि तेस्रो पक्षको हस्तक्षेप वा नयाँ परिस्थितिको सिर्जना भएका कारणले मात्र त्यो सम्भव भएको हुन्छ । सामान्य व्यक्तिका आँखाबाट हेर्दा संयुक्त रूपमा मिलेर गरिने आत्महत्या र आत्महत्याको दुरूत्साहन उस्तै उस्तै जस्तो देखिने भए पनि अपराधको प्रकृति, वारदातका अन्तरवस्तुका साथै पीडित मृतकको मानसिक अवस्था आदिमा फरक पर्ने हुँदा यस्ता प्रकृतिका घटनाहरूको अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकृतले चनाखो भएर प्रमाणहरूको सङ्कलन र विश्लेषण गर्नु वाञ्छनीय हुन्छ ।

४६. प्रस्तुत मुद्दाको सन्दर्भमा विचार गर्दा, मृतक र प्रतिवादी श्रीमान श्रीमती भई सल्लाहपूर्वक सामुहिक आत्महत्याको बाटो रोजेको र सोही क्रममा प्रतिवादी बाँचेको र मृतकको सोही बिष सेवनको कारण उपचारको क्रममा मृत्यु भएको तथ्यलाई मृतकको शव परिक्षण प्रतिवेदन, भिसेरा परिक्षण प्रतिवेदन, जाहेरवालाको मौकाको जाहेरी एवं बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान, बुझिएका घटनाविवरण कागज गर्ने व्यक्तिहरुबाट समर्थित भइरहेको देखिंदा प्रस्तुत मुद्दाको अन्तरवस्तुलाई आत्महत्याको गठजोड (suicide pact) भन्नु उचित हुने देखिन्छ।

४७. अनुसन्धान तथा अदालतमा गरेको बयानमा सहयोग गरेको, प्रतिवादी र मृतक नातामा श्रीमान श्रीमति भएको, आर्थिक विपन्नताको कारण आत्महत्याको गठजोड (suicide pact) को अप्रिय बाटो रोजेको, प्रतिवादीले गरेको सहयोगको कारण परिस्थितिजन्य प्रमाण जुटाउन सजिलो भएको, वारदातमा प्रत्यक्ष प्रमाण बलियो नरहेको र सङ्कलन गरिएका मिसिल संलग्न रहेको परिस्थितिजन्य प्रमाणहरूको सूक्ष्म विश्लेषणबाट प्रतिवादी कसुरदार भएपनि निजउपर बालबच्चाको पालनपोषणको महत्वपुर्ण जिम्मेवारी समेत रहेको आधारमा १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको फैसला बमोजिम सजाय कार्यान्वियन भएको खण्डम सो सजाय चर्को पर्न सक्ने हुँदा वस्तुगत, तार्किक र

*उल्लेखित न्यायोचित आधार कारणबाट पनि फौजदारी न्यायको मकसद पूरा हुनसक्ने देखिन आउँदैन ।*

४८. मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ मा, कसूरको गम्भीरता घटाउने आधार उल्लेख भएको र सोही दफाको खण्ड (ख) मा, *कसूरदारको कसूर गर्ने नियत नभएको,* खण्ड (ङ) मा, *कसुरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे वापत पचाताप गरेको,* खण्ड (च) मा, *कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,* खण्ड (ज) मा, *अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको* अवस्थामा सजाय घटाउने सकिने कांनुनी प्रबन्ध भएको देखियो।[५] यस मुद्दाको वारदात प्रकृति हेर्दा, मृतक कारागारमा कैद भुक्तान गरिरहेको र यी प्रतिवादी घरमा बसी बालबच्चाको लालनपालन गर्दा परेको कठिनाई, आर्थिक विपन्नता, मृतक र प्रतिवादीको पारिवारिक पृष्ठभूमि समेतलाई विचार गर्दा सुरु बाँके जिल्ला अदालतबाट तोकिएको कैद सजाय कार्यान्यवन गर्नुपर्ने देखिएकोले सजाय घटाई राय व्यक्त गर्नु श्रेयस्कर देखियो ।

४९. तसर्थ माथि विवेचित आधार कारण र प्रमाणहरुबाट प्रतिवादी दानवती तिवारीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७८(१) को कसूर ठहर गरी प्रस्तुत घटना वारदातको प्रकृति समेतको विश्लेषण तथा मुल्यांकनबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय कार्यान्वयन गर्नु न्यायको रोहमा चर्को पर्ने देखि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४५(१)(क) बमोजिम १० वर्षको सजाय हुने राय व्यक्त गरी भएको शुरु बाँके जिल्ला अदालतबाट मिति २०७८/०९/३० मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुसलीपुर नेपालगंज इजलासबाट मिति २०८०।०२।२९ गते भएको फैसलामा कसुर कायम गरेको हद सम्म मिलेको देखिन आई प्रतिवादी दानवती तिवारीलाई सुरु तथा उच्च अदालतबाट व्यक्त राय बमोजिम सजाय गर्दा न्यायको रोहमा बढी पर्ने भई चर्को पर्न जाने देखिएकोले यी प्रतिवादीलाई ६ वर्ष कैद सजाय गर्दा न्यायको रोहमा मुनासिव हुँदा ६ वर्ष कैद हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल

१. प्रतिवादी दानवती तिवारी मिति २०७६/२/३२ देखि थुनामा बसी सो मिति बाट कैद कट्टा हुने हूँदा सोही बमोजिम कैद अवधि गणना गर्दा मिति

[५] Roshan Kumar Jha, *Battered Women Syndrome: A New Dimension in Nepalese Criminal Jurisprudence,* I NEPAL JOURNAL OF LEGAL STUDIES,75 (2016).

२०८२/२/३१ मा नै पुरा भई संक्षिप्त फैसलाको आधारमा कारागारबाट मुक्त समेत भईसकेको देखिंदा केही गरिरहनु परेन।

२. प्रस्तुत फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकारलाई उपलब्ध गराउनुहोला।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति प्रविष्ट गर्नु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला।

(अब्दुल अजीज मुसलमान)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

फैसला लेख्ने इजलास अधिकृतः रोशनकुमार झा
कम्प्युटर अपरेटरः रामशरण तिमल्सिना
इति सम्वत् २०८२ साल जेष्ठ १३ गते रोज ३ शुभम् ......................